# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, चैत्र १९ गते, २०८१ साल(अतिरिक्ताङ्क ८(ख)

भाग १

मधेश प्रदेश सरकार

गृह,सञ्चार तथा कानुन मन्त्रालय

## प्रदेश कृषि विकास ऐन, २०८१

सम्वत् २०८१ सालको ऐन नम्बर ०९

## प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आधुनिकीकरण, विविधीकरण, यान्त्रिकीकरण, औद्योगिकीकरण र व्यावसायिकरण मार्फत कृषि उत्पादन, उत्पादकत्व र मूल्यश्रृंखला वृद्धि गर्दै रोजगारी सृजना गर्न, खाद्य

सुरक्षा र दीगो आर्थिक वृद्धिदर हासिल गर्न, कृषिक्षेत्रमा प्रवाह हुने सेवा, सुविधा, प्रविधि, प्रोत्साहन जस्ता कार्यक्रमलाई न्यायोचित, प्रभावकारी एवं पारदर्शी तबरबाट संचालन गर्न तथा क्षेत्रगत नियमनलाई सहज र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ।

**परिच्छेद- १**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश कृषि विकास ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहत रहेका सम्पूर्ण कार्यालयहरु तथा प्रदेश दुग्ध विकास बोर्ड, संस्थान र समिति समेत सम्झनु पर्छ।

(ख) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ। सो शब्दले त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा

श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिमा आश्रित परिवारका अन्य सदस्य वा उद्यमीलाई जनाउँछ। साथै सो शब्दले आफ्नै जग्गा वा कृषि पूर्वाधारमा वा कसैको जग्गा करार वा बटैया वा कबुलियत (लिजमा) लिई कृषि तथा पशुजन्य बस्तुको व्यावसायिक उत्पादन, संकलन, प्रशोधन, भण्डारण, ढुवानी र विक्री वितरण गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(ग) "किसानको संस्था" भन्ने शब्दले कृषिजन्य पशुपंक्षी, मत्स्य उत्पादन गर्ने समूह, फर्म, कम्पनी, कृषि सहकारी र संघ संस्था समेत सम्झनु पर्छ, साथै सो शब्दले आफ्नै जग्गा वा कृषि पूर्वाधारमा वा कसैको जग्गा वा करार, बटैया वा कबुलियत (लिजमा) लिई कृषि, पशुजन्य, मत्स्यजन्य, बाली बस्तुको व्यावसायिक उत्पादन, संकलन, प्रशोधन, भण्डारण, ढुवानी र विक्री वितरण गर्ने, कृषि व्यवसाय

संचालन गर्ने उद्देश्य राखेका प्रचलित कानून बमोजिम दर्तावाल कृषि समूह, कम्पनी, कृषि सहकारी फर्म, र संघ संस्था वा विषयगत उपभोक्ता समिति समेतलाई जनाउँछ ।

(घ) "कृषि" भन्नाले बाली, बागवानी, च्याउ, व्यावसायिक कीट, पशुपंक्षी, माछा जस्ता कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध, बाली, बस्तु र जीवजन्तु समेतको उत्पादन, प्रशोधन र बजारीकरण गर्ने उद्योग एवं व्यवसायलाई सम्झनु पर्छ।

(ङ) "कृषि प्रोत्साहन" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयद्वारा विभिन्न बाली, फलफूल, च्याउ, व्यावसायिक कीट, पशुपंक्षी, मत्स्य जस्ता कृषिका सबै उप-क्षेत्रसंग सम्बद्ध बाली, वस्तु र अन्य जीवजन्तु समेतको उत्पादन, प्रशोधन, बजारीकरणका लागि किसान तथा किसानको संस्थालाई उपलब्ध गराउने सहयोग वा अनुदानलाई सम्झनु पर्छ।

(च) "कृषि व्यवसाय" भन्नाले उत्पादन, प्रशोधन र बजारीकरणसँग जोडिएर गरिने कृषि, पशुपंक्षी तथा मत्स्य क्षेत्रको जुनसुकै व्यवसायलाई सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

(झ) "प्रदेश सरकार" भन्नाले मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) "लाभग्राही" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका निकायहरूद्वारा उपलब्ध गराइने सेवा सुविधा प्राप्त गर्ने किसान तथा किसानको संस्था सम्झनु पर्छ।

(ठ) "रैथाने बाली" भन्नाले कुनै स्थान विशेषमा प्राकृतिक रुपमा रहेको वा उक्त स्थानका कृषकहरुले परम्परागत रुपमा उत्पादन गर्दै आएको बालीको जात, पशुपंक्षी, मत्स्य वा अन्य कुनै कृषि उपज, वस्तु, पदार्थ र सोसँग सम्बन्धित गतिविधि, ज्ञान र सीपलाई समेत सम्झनु पर्छ।

(ड) "संस्था" भन्नाले कृषि फर्म, कृषक समूह, सहकारी, जल उपभोक्ता समिति, कम्पनीहरु तथा कृषि व्यवसाय संचालन गर्ने उद्देश्य राखेका प्रचलित कानून बमोजिम दर्तावाललाई समेत सम्झनु पर्छ।

(ढ) विशेष उत्पादन क्षेत्र भन्नाले बजार वा उपभोक्ता/ किसानको माग अनुसार तोकिएको ठूलो क्षेत्रफल वा परिमाणमा तोकिएको गुणस्तरको कृषिजन्य वा पशुजन्य बस्तु उत्पादन गर्न दफा १५ बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## कृषि व्यवसाय र बजारीकरण सम्बन्धी व्यवस्था

३. **किसान सूचीकरणः** (१) प्रदेशभित्रका किसानहरूको सूचीकरण गरी अभिलेख राखिनेछ।

(२) उपदफा (१) बमोजिम सूचीकरण गर्दा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ ।

(क) निर्वाहमुखी किसान

(ख) साना व्यावसायिक किसान

(ग) मझौला व्यावसायिक किसान

(घ) ठूला व्यावसायिक किसान

(३) उपदफा (२) बमोजिमको वर्गीकरणको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(४) किसान सूचीकृत भएबमोजिम प्रदेश सरकारले किसान प्रोत्साहनका लागि किसान कार्ड, किसान पेन्सन र किसान सहुलियतका कार्यविधि तयार गरी लागू गर्न सक्नेछ ।

४. **कृषि व्यवसाय संचालन गर्न सक्नेः** कुनै पनि व्यक्ति वा संस्थाले प्रदेशभित्र अनुसूची-१ मा उल्लेख भए बमोजिमको कृषि व्यवसाय संचालन गर्न सक्नेछ।

५. **कृषि व्यवसाय र उद्योग सूचीकृत हुनुपर्नेः** (१) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि व्यवसायहरू,

मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा सूचीकृत भई कार्य संचालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत व्यवसायलाई सरकारले तोकिए बमोजिम प्रोत्साहन गर्न सक्नेछ ।

६. **<u>अनुमतिपत्र लिनुपर्नेः</u>** (१) दफा ५ बमोजिम सूचीकृत भएका कृषि व्यवसाय, उद्योग वा संस्थाले कृषि उपजको खरिद बिक्री गर्न अनुसूची-२ बमोजिमको निकायबाट अनुमतिपत्र लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेशको प्रचलित आर्थिक ऐनले तोके बमोजिम कृषि आय कर तोकिएको निकायमा बुझाउनु पर्नेछ।

७. **<u>अनुमतिपत्रको वर्गीकरण, दर्ता दस्तुर र नवीकरणः</u>** (१) दफा ६ बमोजिम प्रदान गरिने अनुमतिपत्रको दर्ता र नवीकरण दस्तुर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुमतिपत्रको अवधि ३ वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएको मितिले ६० दिनभित्र सम्बन्धित निकायबाट नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि नाघेमा ९० दिनको अवधिभित्र तोकिएको दस्तुर तिरी नवीकरण गर्नुपर्नेछ।

८. **अनुमतिपत्र रद्द गर्न सक्ने:** (१) अनुमतिपत्र प्राप्त संस्थाले दफा ७ को उपदफा (४) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(२) कसैले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र दफा ६ बमोजिमको अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र जुनसुकै बखत रद्द गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुमतिपत्रवालालाई १५ दिनको समय दिई अनुमतिपत्र रद्द गर्नु नपर्ने कुनै मनासिव कारण भए पेश गर्नका लागि उचित मौका दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र रद्द हुन नपर्ने कुनै कारण पेश भएमा वा सो समयभित्र कुनै जानकारी प्राप्त हुन नआएमा मन्त्रालयले १५ दिनभित्र अनुमतिपत्र रद्द सम्बन्धमा आवश्यक निर्णय गरी सो को जानकारी सम्बन्धित अनुमतिपत्र वालालाई र अनुमति दिने निकायलाई दिनुपर्नेछ।

(५) उपदफा (३) बमोजिम अनुमतिपत्र रद्दको प्रारम्भ भई उपदफा (४) बमोजिमको निर्णय नभएसम्मको अवधिमा उक्त अनुमतिपत्र स्वतः निलम्बन भएको मानिनेछ।

९. **न्यूनतम समर्थन मूल्य तोक्नुपर्नेः** (१) नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा दोहोरो नपर्ने गरी प्रदेश सरकारले प्रदेशभित्र उत्पादन तथा विक्री वितरण हुने प्रमुख कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोकिएको कृषि उपज खरिद विक्री गर्नु सबैको कर्तव्य हुनेछ।

(३) यस ऐन बमोजिम सूचीकृत कृषकद्वारा उत्पादित कृषि उपज विक्री वितरण हुन नसकेको खण्डमा मन्त्रालयले खरिद विक्री लगायत बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(४) कृषकद्वारा उत्पादित कृषि उपज विक्रीको लागि मन्त्रालयले स्थानीय तहको समन्वय र सहकार्यमा सहुलियत पसल स्थापना गर्न सक्नेछ र सहुलियत पसलमा मूल्य सूची समेत टाँस गर्नु पर्नेछ ।

१०. **मूल्य सूची टाँस गर्नुपर्ने:** विक्रेताले आफूले विक्री वितरण गर्ने कृषि उपजको मूल्य सूची सहितको विवरण सबैले देख्ने स्थानमा टाँस गर्नु पर्नेछ।

११. **प्रदेशमा कृषि व्यवसाय प्रबर्द्धन एंव रोजगारी सृजना:** प्रदेशमा कृषि व्यवसाय प्रबर्द्धन एवम् रोजगारी सृजना गर्ने उद्देश्यले स्टार्ट-अप गर्न मन्त्रालय एवम् अन्तरगतका कार्यालयहरुले तोकिए बमोजिम हुने गरी कार्यविधि बनाई स्टार्ट-अप व्यवसाय संचालन गर्न प्रोत्साहित गर्न सक्नेछ ।

## परिच्छेद- ३

## उत्पादन र उत्पादकत्व अभिवृद्धि सम्बन्धी व्यवस्था

१२. **प्राङ्गारिक मलको उत्पादन सम्बन्धीः** (१) प्रदेशमा वार्षिक पाँच सय मेट्रिक टन वा सोभन्दा बढी परिमाणमा प्राङ्गारिक मल तथा जीवाणु मल उत्पादन गर्ने उत्पादकले सूचीकरण गरेर विक्री वितरण गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिम गरिने सूचीकरण, मलको गुणस्तर र मापदण्ड, मूल्य र विक्री वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **प्राङ्गारिक मल कारखाना खोल्न सक्नेः** प्रदेश सरकार आफैले प्राङ्गारिक मल कारखाना खोल्न सक्ने वा तोकिए बमोजिम निजी क्षेत्रलाई अनुमति प्रदान गर्नेछ ।

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले निर्णय गरी आवश्यक संख्यामा प्राङ्गारिक मल कारखाना स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कारखानाको स्थापना, संचालन, उत्पादित मलको विक्री वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **रसायनिक मल वितरण व्यवस्थापनः** नेपाल सरकार वा प्रदेश सरकारबाट खरिद भई बितरणको लागि प्राप्त मल व्यवस्थित तरिकाले वितरण गर्न प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउनेछ ।

१५. **कृषिमा प्रोत्साहन कार्यक्रमः** (१) मन्त्रालय र मातहतको निकायबाट कृषि उत्पादनमा आधारित रही प्रोत्साहन कार्यक्रम संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्नका लागि प्रदेश सरकारले कृषि उत्पादनको सम्भावना समेतका आधारमा प्रदेश अन्तर्गतको कुनै क्षेत्रलाई कृषि विशेष उत्पादन क्षेत्र घोषणा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कृषि विशेष उत्पादन क्षेत्र घोषणा गर्दा चकलाबन्दी, सामूहिक खेती, सहकारी खेती, भूमि बैंक, करार, लिज आदिलाई

प्रोत्साहन गरिनेछ ।उपरोक्त अनुसार खेती वा कृषि कार्य गर्दा पाँच बिघाभन्दा बढी क्षेत्रफल भएकोलाई प्राथमिकता दिइनेछ ।

(४) उपदफा (२) बमोजिम घोषित कृषि विशेष उत्पादन क्षेत्रमा संचालन गरिने प्रोत्साहन कार्यक्रमको आधार र मापदण्ड सम्बन्धी कार्यविधि मन्त्रालयले तयार गरी लागू गर्न सक्नेछ।

१६. **<u>बीउ बिजन, पशुपंक्षी, मत्स्य र अन्य जलचरको नश्ल विकास, र उपलब्धता:</u>** (१) मन्त्रालयले वनस्पति, बीउ बिजन, बेर्ना, सेट्स, सकर्स, राइजोम, इनोकुलम, पशुपंक्षी तथा मत्स्य वा अन्य जलचरको नश्ल वा स्ट्रेन सम्बन्धी अध्ययन, अनुसन्धान र विकासको लागि सरकारी वा निजी क्षेत्रका कृषि अनुसन्धान केन्द्रसँग समन्वय, सहकार्य र सहयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रादेशिक कृषि, पशुपंक्षी वा मत्स्य अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(३) सूचीकृत भएका बीउ बिजनका किसिम र जात, पशुपंक्षी, मत्स्य वा अन्य जलचरको नश्ल, र बोट बिरुवाको बेर्नाको विक्री वितरणको विधि तोकिए बमोजिम हुनेछ ।

(४) मन्त्रालयले स्वस्थानीय रैथाने जातका वनस्पतिको बीउ बिजन वा अणुवंश, पशुपंक्षी र मत्स्य वा अन्य जलचरको वीर्य वा भ्रूण वा अणुवंशको अध्ययन, अनुसन्धान, व्यावसायिक विकास, प्रबर्द्धन र गुणस्तर अभिवृद्धिका लागि संचालन गरिने कार्यक्रमको संचालन विधि तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थान विशेषका रैथाने बालीनाली र तिनको बीउ बिजन, बेर्ना, पशुपंक्षी, मत्स्य वा अन्य जलचरको वीर्य वा अण्डा, भ्रूण, नश्लको उत्पादन, प्रशोधन, भण्डारण र समुदाय स्तरमा सुरक्षित आदान प्रदान र विक्री वितरणको लागि बाधा पर्ने छैन।

१७. **सिंचाई र कृषि विद्युतीकरणः** (१) मन्त्रालयले कृषिजन्य उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको लागि सिंचाईको प्रबन्ध गर्नेछ ।

(२) मन्त्रलायले स्थान विशेषको आवश्यकता र उपयुक्तताको आधारमा सतह र भूमिगत सिंचाई प्रणालीको विकास तथा विस्तार मार्फत सिंचाई व्यवस्थापनको लागि आवश्यक पूर्वाधार विकास कार्यक्रम गर्न, सहुलियत, अनुदान प्रदान गर्न सक्नेछ ।

(३) मन्त्रालयले भूमिगत जलश्रोतको संरक्षण, प्रबर्द्धन र उपयोगका लागि प्राकृतिक र

आकाशे पानीको सङ्कलन, सञ्चय र वितरण प्रणालीको विकास र विस्तार गर्न आवश्यक कार्यक्रम/ क्रियाकलाप संचालन गर्न सक्नेछ ।

(४) कृषि क्षेत्रमा सिंचाईलाई सरल, सहज र सुलभ बनाउन मन्त्रालयले कृषि विद्युतीकरण सञ्जाल विकास गर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि विद्युतीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ४

## प्रदेश कृषि व्यवसाय प्रबर्द्धन तथा अनुदान सम्बन्धी व्यवस्था

१८. **अनुदान सम्बन्धी व्यवस्थाः** मन्त्रालय र मातहतका निकायले कृषिजन्य बस्तु उत्पादन, प्रशोधन, बजारीकरण लगायत निर्यात प्रबर्द्धन गर्न सहयोग रकम बार्षिक बजेटमा व्यवस्था गरी यो ऐन बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा कार्यालयले कृषि उपजको उत्पादन, वालीवस्तु विशेष क्षेत्र विस्तार प्रबर्द्धन, प्रशोधन, बजारीकरण र निर्यात प्रबर्द्धनमा सहयोग गर्न प्रोत्साहन अनुदानको सीमा र प्रबाह गर्ने विधि र प्रकृया कार्यविधि बमोजिम हुनेछ ।

(२) कृषि उपजहरुको भण्डारण गरी गुणस्तर कायम गर्न विगत वर्ष देखि सम्झौता भई निर्माणको चरणमा रहेको शीत भण्डारको निर्माण कार्य सम्पन्न गरी/गराई संचालनमा ल्याइनेछ ।

(३) मन्त्रालय र मातहतका कार्यालयहरुबाट विगत वर्षहरुमा संचालन भएको अनुदान कार्यक्रमहरु विशेष कारणले सम्पन्न हुन नसकेको भए प्रदेश सरकारले निर्णय गरी कार्यविधि बनाई सम्पन्न गर्न सक्नेछ।

(४) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रदेश सरकारले यस ऐन बमोजिम सूचीकृत किसानलाई बीउपूँजी उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा ४ बमोजिम पचास लाखभन्दा बढी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको आर्थिक बर्ष समाप्त भए पश्चात अर्को आर्थिक बर्षमा अनुदान रकमको पाँच प्रतिशत, दोश्रो बर्षमा दश प्रतिशत, तेश्रो बर्षमा दश प्रतिशत र चौथो बर्षमा दश प्रतिशत गरी कुल अनुदानको पैंतिस प्रतिशत रकम प्रदेश सरकारलाई फिर्ता गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुदानग्राहीबाट फिर्ता भएको रकम प्रदेश सरकारको सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्नेछ ।

(७) मन्त्रालयबाट कृषि व्यवसायका लागि अनुदान प्रदान गर्दा बैंकको ब्याजमा छुट दिने गरी तोकिए बमोजिम कार्यविधि बनाई लागू गर्नेछ ।

(८) मन्त्रालयले उत्पादकत्व बृद्धि हुने गरी बाली, फलफूल, तरकारी, बस्तु घाँसे बाली आदिको विउ, विरुवा, माछा भुर्रा ब्याडका लागि उन्नत पशुपंक्षी आदिमा तोकिए बमोजिमको अनुदान प्रदान गर्न सक्नेछ।

(९) मन्त्रालयले प्रदेशको प्राथमिकतामा रहेको बाली, बस्तु, माछा, पशुपंक्षी आदिको निजी क्षेत्र, स्थानीय, संघीय सरकारको समन्वय र सहकार्यमा स्रोत केन्द्र स्थापना गर्नेछ । स्रोत केन्द्रको संचालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. **<u>रैथाने बालीको संरक्षण र प्रबर्द्धन गर्नुपर्नेः</u>** (१) प्रदेशमा उत्पादन हुने रैथाने बाली, पशुपंक्षी, माछाको संरक्षण तथा प्रबर्द्धन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि प्रदेश सरकारले रैथाने बाली उत्पादन हुने र उत्पादनको सम्भावना भएका क्षेत्रको विकास गर्ने, रैथाने बाली उत्पादनमा संलग्न कृषकलाई विशेष प्रोत्साहन

उपलब्ध गराउने जस्ता संरक्षणात्मक र प्रबर्द्धनात्मक कार्यक्रम संचालन गर्न सक्नेछ।

(३) रैथाने बाली, पशुपंक्षी, माछा, जलचर आदिको पेटेन्ट अधिकार प्रचलित कानून बमोजिम लिई सूचीकृत गर्नु पर्नेछ ।सोको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१),(२) र (३) बमोजिम संचालन गरिने कार्यक्रमको कार्यविधि तयार गरी लागू गर्नेछ।

२०. <u>**कृषक सहायता केन्द्रको स्थापनाः**</u> (१) मन्त्रालयले आवश्यकता अनुसार विभिन्न बाली, बागवानी, च्याउ, व्यावसायिक कीट, पशुपंक्षी, मत्स्य जस्ता कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध वाली/वस्तु र अन्य जीवजन्तु समेतको लागि सहज सेवा प्रदान गर्न एकिकृत कृषक सहायता केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) एकिकृत कृषक सहायता केन्द्रको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. <u>**क्षतिपूर्ति प्रदान गर्नुपर्नेः**</u> (१) प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट कृषिमा पुग्न जाने क्षति वापत सम्बन्धित कृषकलाई उचित क्षतिपूर्ति वा राहत प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने क्षतिपूर्ति सम्बन्धी मापदण्ड निर्धारण गरे बमोजिम हुनेछ।

(३) कृषिमा हुने नोक्सानी न्यूनिकरण गर्न वा क्षतिपूर्ति वा राहत प्रदान गर्न प्रदेश सरकारले क्षतिपूर्ति कोषको व्यवस्था गर्ने छ र सोको कार्यान्वयन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ५

## गुणस्तर नियमन र नियन्त्रण सम्बन्धी व्यवस्था

२२. **कृषि गुणस्तर प्रयोगशाला स्थापनाः** (१) प्रदेश सरकारले कृषि उपजको उत्पादन देखि बजारीकरणसम्म गुणस्तर कायम गर्न प्रदेशमा कृषि गुणस्तर प्रयोगशाला स्थापना गर्न सक्नेछ।

(२) प्रयोगशालाको संगठन संरचना र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **कृषि गुणस्तर प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** (१) कृषि गुणस्तर प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कृषि उपजको गुणस्तर कायम गर्न उत्पादन देखि बजारीकरणसम्मको अवधिलाई सूक्ष्म रूपमा निगरानी गर्ने।

(ख) खाद्य प्रशोधन संरक्षण तथा प्याकेजिंग सम्बन्धी उपयुक्त प्रविधि विकास र प्रचार प्रसार गर्ने।

(ग) खाद्य पोषण सम्बन्धी ज्ञान सीप तथा जनचेतना विस्तार गर्ने।

(घ) कृषि तथा पशुजन्य पदार्थको उत्पादन, संचय, ढुवानी, बितरण, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङ्ग र प्रशोधन लगायत मूल्यश्रृंखलाको गुणस्तरलाई कायम गर्न नियमन गर्नेछ ।

(ङ) प्रयोगशालाको काम कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **विषादी तथा औंषधिको नियमनः** (१) बालीनालीको रोग कीरा नियन्त्रणको लागि प्रयोग हुने विषादीको उत्पादन, प्रयोग र बजारीकरणको नियमन गरिनेछ।

(२) पशुपंक्षीमा प्रयोग हुने औषधी, रसायन, क्रायो मोल्ट, पशु भ्रूण, सिमेन, सेक्सड, हर्मोन, तथा दाना समपुरकको गुणस्तर कायम गर्न र दर्ता नियमन

कार्यलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२५. **पशुपंक्षी तथा मत्स्य दानाको नियमनः** प्रदेशभित्र उत्पादन, विक्री वितरण हुने दाना उद्योगको दर्ता अनुज्ञापत्र प्रदान गर्न, दानाको परीक्षण गर्न र दानाको गुणस्तर सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

२६. **निजीस्तरमा प्रयोगशाला र उपचार सेवा संचालन गर्न सक्नेः** (१) निजी लगानीमा कृषि वा पशुपंक्षी वा मत्स्य रोग अन्वेषण प्रयोगशाला वा पशुपंक्षी उपचारको लागि पशु अस्पतालको स्थापना र संचालन मन्त्रालयले तोकेको निकायबाट अनुमति लिई गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला वा पशुपंक्षी अस्पतालको स्थापना र संचालन विधि, प्रकृया मन्त्रालय वा तोकिएको कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. **भेटेरिनरी जनस्वास्थ्य सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा जुनोटिक रोगको रोकथाम, नियन्त्रण र उन्मुलन गर्नका लागि मन्त्रालयले कार्यालय वा निजी क्षेत्र वा गैर सरकारी क्षेत्र वा प्रदेश सरकारको अन्य निकायसँगको सहकार्य वा साझेदारीमा एक स्वास्थ्यको अवधारणा अनुसार आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) मन्त्रालयले संघीय सरकार, स्थानीय तह वा प्रदेश सरकारको अन्य निकायसँगको समन्वय र सहकार्यमा प्रतिजैविक प्रतिरोध, मत्स्य वा अन्य जलचर पालनको लागि जलाशयको पानी, कृषि विषादी र भेटेरिनरी औषधीको अवशेष जाँच र नियमन, जैविक आतङ्कवाद (बायोटेर्रोरिज्म) नियन्त्रण सम्बन्धी क्रियाकलाप संचालन गर्न सक्नेछ ।

(३) मन्त्रालयले खाद्य सुरक्षा सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२८. **सेवाको नियमन र गुणस्तरीकरणः** (१) मन्त्रालयले कृषि, पशुपंक्षी पालन र मत्स्य क्षेत्रमा प्रवाह गरिने सेवाहरूको नियमन गर्नु पर्नेछ ।

(२) कृषि र पशुपंक्षी पालन सेवाहरूको नियमन तोकिए बमोजिम हुनेछ ।

(३) मन्त्रालयले कृषि, पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन सामग्री, अप्रशोधित वा प्रशोधित उत्पादन, भेटेरिनरी औषधि, कीटनाशक समेत अन्य सम्बन्धित वस्तुको मूल्य निर्धारण गर्नमा सहयोग हुन र निर्यात प्रबर्द्धन गर्न गुणस्तरिकरण प्रणालीको विकास गर्नु पर्नेछ ।

२९. **कृषि र पशु आनुवंशिक जैविक विविधता संरक्षणः** (१) कसैले पनि कृषि जैविक विविधतालाई हानी नोक्सानी

हुने कुनै क्रियाकलाप वा कार्यक्रम संचालन गर्नु गराउनु हुदैन।

(२) कृषि जैविक विविधताको संरक्षण गर्न कार्यक्रम संचालन गर्ने निकायले कार्यक्रम संचालन गर्नु पूर्व जोखिम वा वातावरणीय अध्ययन विश्लेषण गर्नु पर्नेछ।

(३) स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा सामुदायिक बीउ बैंक स्थापना तथा संचालन गर्न सक्नेछ।

(४) कृषि र पशुपंक्षी आनुवंशिक जैविक विविधता संरक्षण, संबर्द्धन र विकासको लागि आवश्यक स्वस्थानीय वा परस्थानीय व्यवस्था गर्न सक्नेछ ।

(५) मन्त्रालयले प्रदेश भरिको बालीनाली र अन्य वनस्पति, पशुपंक्षी र मत्स्यको जात प्रजाति, मौरी, च्याउ तथा स्थानीय स्तरमा उपलब्ध जडीबुटीको अभिलेखीकरण गर्ने व्यवस्था, सम्बन्धित परम्परागत, ज्ञान, सीप, कला र अभ्यासको पहिचान, अभिलेखीकरण तथा संरक्षण, प्रबर्द्धन, विकास र उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(६) सामुदायिक बीउ बैंक स्थापना, संचालन र संरक्षित आणुवंशको उपयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **वातावरण मैत्री कृषि उत्पादन प्रणालीः** (१) मन्त्रालयले वातावरण मैत्री कृषि उत्पादन प्रणालीको विकास गर्न सक्नेछ ।

(२) कृषि उत्पादन प्रणालीको कारणबाट पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्न वातावरण संरक्षणसँग सम्बन्धित कानून बमोजिम हुनेछ ।

## परिच्छेद- ६

## प्रदेश कृषि तथा खाद्य सुरक्षा सम्बन्धी व्यवस्था

३१. **प्रदेश कृषि तथा खाद्य सूचना केन्द्र स्थापनाः** (१) प्रदेशभित्र कृषि सूचनालाई कृषकको सहज पहुँच र सेवा सहुलियतलाई डिजिटिलाईजेसन गर्न एवं खाद्य अधिकारको संरक्षण, खाद्य सुरक्षा कायम गर्न तथा खाद्य सम्प्रभुता सम्बन्धी सूचना सङ्कलन तथा विश्लेषणलाई प्रभावकारी बनाउन मन्त्रालयमा एक प्रदेश कृषि तथा खाद्य सूचना केन्द्र रहनेछ।

३२. **प्रदेश कृषि तथा खाद्य सूचना केन्द्रको काम, कर्तव्य र अधिकारः** प्रदेश कृषि तथा खाद्य सूचना केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशभित्रको र खाद्य सुरक्षा सम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गर्ने।

(ख) खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य तथा पोषण सुरक्षा लगायतका विषयमा आवश्यक समन्वय सहजीकरण गर्ने।

(ग) खाद्य तथा पोषण सुरक्षा लगायतका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने।

(घ) खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा विकास साझेदार संस्थाहरुलाई नियमन गर्ने।

## परिच्छेद- ७

## कृषि प्रविधि र पूर्वाधार स्थापना र संचालन सम्बन्धी व्यवस्था

३३. **कृषि प्रविधि र पूर्वाधार स्थापना र संचालनः** (१) कृषिको व्यवसायिकरण, औद्योगिकरण र प्रबर्द्धन गर्न प्रदेश सरकारले कृषि प्रविधि र पूर्वाधारमा लगानी गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कृषि प्रविधि र पूर्वाधारमा लगानी गर्ने क्षेत्र अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने कृषि प्रविधि र पूर्वाधारमा सहकारी र निजी क्षेत्रले लगानी गर्दा प्रोत्साहन उपलब्ध गराउन सक्नेछ ।

(४) विस्तृत परियोजना प्रतिवेदन सहित निजी र सहकारी क्षेत्रले कृषि सम्बन्धी उद्योग स्थापना वा

संचालन वा दुबै गर्न मन्त्रालयलाई अनुरोध गरेमा उद्योगको दीगोपना अध्ययन गरी साझेदारीमा लगानी गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको उद्योग स्थापना वा संचालन वा दुबैमा लगानी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **वेयर हाउस संचालनः** (१) मन्त्रालयले निजी क्षेत्र वा कुनै वित्तिय संस्थाको सहकार्यमा वेयर हाउस सम्बन्धी कार्यविधि बनाई संचालन गर्न सक्नेछ ।

(२) मन्त्रालयले भण्डार गृह बाहेक कृषि क्षेत्रसँग सम्बन्धित अन्य वेयर हाउस समेत संचालन गर्न प्रोत्साहित गर्न सक्नेछ ।

## परिच्छेद-८

## कृषि तथा पशुपंक्षी बजारको स्थापना तथा संचालन सम्बन्धी व्यवस्था

**३५. कृषि बजारको स्थापना तथा संचालनः** (१) कृषि उत्पादनको खरिद विक्री सम्बन्धी कार्यलाई व्यवस्थित गर्न मन्त्रालयले प्रदेशभित्रको कुनै पनि स्थानमा कृषि बजार को स्थापना, संचालन र नियमन गर्न सक्ने छ ।

(२) किसानको संस्थाले कृषि बजारको स्थापना वा संचालन गरेमा मन्त्रालयले अनुदान सहयोग गर्न सक्नेछ ।

(३) कृषि बजारको स्थापना तथा संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३६. कृषि बजारको बर्गीकरण** (१) कृषि बजारको बर्गीकरण देहाय बमोजिमको हुनेछ ।

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाटबजार

(घ) संकलन केन्द्र

(ङ्) एग्रो मार्ट

(२) उपदफा (१) बमोजिमको बजारको वर्गिकरणको आधार तोकिए बमोजिम हुनेछ ।

३७. **कृषि बजार व्यवस्थापन समितिः** (१) कृषि बजार संचालनको लागि दफा ३५ र ३६ बमोजिम स्थापना भएको वा संचालनमा रहेको प्रत्येक बजारको एउटा बजार व्यवस्थापन समिति रहनेछ ।

(२) संघीय सरकारवाट कृषि बजार हस्तान्तरण भई आएमा यसै ऐन बमोजिम संचालन हुनेछ।

(३) उपदफा (१) बमोजिमको कृषि बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **कृषि औजार यन्त्र उपकरणमा अनुदानः** (१) कृषि तथा पशुपंक्षी व्यवसाय आधुनिकीकरणका लागि आवश्यक विभिन्न किसिमका औजार तथा यन्त्र उपकरण प्रदेश सरकारले तोकिएको प्रतिशतमा संघीय सरकार तथा स्थानीय निकायसंग दोहोरो नपर्ने गरी अनुदानमा उपलब्ध गराउन सक्नेछ ।

(२) कृषि यन्त्र उपरकणमा उपलब्ध गराउने अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **कृषि ऋणमा ब्याज अनुदानः** (१) कृषि तथा पशुपंक्षी व्यवसाय प्रबर्द्धनका लागि व्यावसायिक कृषकले लिने कृषि ऋणमा प्रदेश सरकारले आफ्ना प्रदेशभित्रका

व्यावसायिक कृषक र कृषि कच्चा पदार्थमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापना गर्न कृषकलाई तोकिएको प्रतिशतमा ब्याज अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) अनुसार ब्याज अनुदान उपलब्ध गराउँदा संघीय सरकार तथा स्थानीय तहसंग दोहोरो नपर्ने गरी बेग्ला बेग्लै कृषकलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कृषि ऋणमा ब्याज अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **बीमा सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम सहुलियत अनुदान वा सहयोग प्राप्त गरी कृषि वा पशुपंक्षी व्यवसाय संचालन गर्ने व्यक्ति, समूह, फर्म, सहकारी, संस्था तथा कम्पनीले सोको बीमा गर्नु पर्नेछ।

(२) बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ९

## कृषि जनशक्ति विकास सम्बन्धी व्यवस्था

४१. **कृषि तथा पशुपालन सम्बन्धी शिक्षण संस्था स्थापना गर्न सकिनेः** (१) मन्त्रालयले किसान, मध्यम स्तरीय प्राविधिक जनशक्ति र उच्च स्तरीय प्राविधिक जनशक्तिको उत्पादन र कृषि क्षेत्रमा अनुसन्धानमा

सहयोग पुऱ्याउन कृषि तथा पशु पालनसँग सम्बन्धित शैक्षिक संस्था स्थापना गर्न सक्नेछ ।

(२) शैक्षिक संस्था स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) मन्त्रालयले कृषि क्षेत्रमा निरन्तर शिक्षा प्रणालीको विकास र विस्तारको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४२. **जलवायुमैत्री व्यावसायिक कृषि प्रणाली विकासः** (१) जलवायुमैत्री व्यावसायिक कृषि प्रणाली विकास गर्नको लागि मन्त्रालयले सेन्टर अफ एक्सेलेन्स स्थापना गर्न सक्नेछ ।

(२) सेन्टर अफ एक्सेलेन्स स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. **उद्यमशिलता विकासः** कृषि तथा पशु सेवा तर्फ शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त जनशक्तिको कृषि क्षेत्रमा उद्यमशिलता विकासको लागि मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखी आवश्यक अनुदानको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-१०

## विविध

४४. **उत्पादन, ढुवानी र विक्री वितरणः** (१) कसैले पनि कृषि उत्पादन, ढुवानी, विक्री वितरणमा अवरोध गर्नु हुँदैन।

(२) कृषि उत्पादन सामग्री, कृषि उत्पादन, ढुवानी, विक्री वितरण लगायत कृषि व्यवसाय प्रबर्द्धन तथा नियमन गर्न आवश्यक आदेश मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशित गरी जारी गर्न सक्नेछ।

४५. **तीन तहबीच समन्वयः** कृषि क्षेत्रको समग्र विकासको लागि संघ, अन्तर प्रदेश र स्थानीय तहहरूसँग मन्त्रालयले आवश्यक समन्वय र सहकार्य गर्नेछ।

४६. **एकद्वार प्रणालीः** (१) प्रदेशभित्र कार्यक्षेत्र रहेका गैरसरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था र विकास साझेदारले कृषि व्यवसाय र बजारीकरण सम्बन्धी कार्य गर्दा मन्त्रालयको स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा मन्त्रालयले एकद्वार प्रणाली अवलम्बन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

४७. **दण्ड जरिवानाः** (१) दफा ११, १६, १७, १८, ३८, ३९ र ४३ बमोजिम मन्त्रालय वा मातहतको कार्यालयबाट प्रदान गरिने प्रोत्साहन र बीउ पुँजी वापतको रकम जुन प्रयोजनको लागि प्रदान गरिएको हो सोही बमोजिम खर्च नगरेमा वा त्यस्तो रकम जुनसुकै तरिकाले दुरुपयोग गरेमा जिल्ला स्थित कृषि ज्ञान

केन्द्र/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले उक्त बिगो बराबरको रकम असुल उपर गरी विगो बराबर जरिवाना समेत गर्नेछ।

(२) उपदफा (१) बमोजिमको जरिवाना गर्नु अघि आरोपित व्यक्तिलाई सफाइको लागि मनासिब माफिकको मौका दिनु पर्नेछ।

(३) लाभग्राहीले उपदफा (१) बमोजिमको जरिवाना रकम नतिरेमा सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ।

(४) उपदफा (१) बमोजिमको जरिवाना भएको अवस्थामा त्यस्तो लाभग्राहीलाई पाँच वर्षसम्म प्रोत्साहन उपलब्ध गराइने छैन।

(५) दफा ३८ र ३९ को उपदफा (१) विपरित कार्य गर्ने गराउने वा त्यस्तो कसुरमा संलग्न पक्षलाई कसुरको मात्रा हेरी एक पटकमा रु पचास हजारसम्म जिल्ला स्थित कृषि ज्ञान केन्द्र/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जरिवाना गर्नेछ र यस्तो अवरोधबाट उत्पन्न क्षतिको क्षतिपूर्ति कसुर गर्ने पक्षले व्यहोर्नु पर्नेछ।

४८. **<u>रोक्का राख्ने</u>:** लाभग्राहीले रकम दुरुपयोग गरेमा दफा ४७ बमोजिमको रकम असुल उपर गर्ने प्रयोजनका लागि निजको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्न

सम्बन्धित कार्यालयको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।

४९. **पुनरावेदन गर्न सक्नेः** दफा ८ र दफा ४७ र ४८ बमोजिमको निर्णय उपर चित्त नबुझने पक्षले निर्णय गरेको जानकारी पाएको मितिले ३५ दिनभित्र मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ।

५०. **समिति गठन गर्न सक्नेः** प्रदेशमा उत्पादन हुने प्रमुख वालीहरुको विकास तथा प्रबर्द्धनको लागि विकास समिति गठन गर्न सक्नेछ । समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **अनुसूची हेरफेरः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

५२. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५३. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही सम्बन्धित मन्त्रालयले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

## संचालन गर्न सकिने कृषि व्यवसायहरू

१. खाद्यान्न बाली,

२. बागवानीजन्य वालीहरुः फलफूल, तरकारी, कन्दमूल, मसला बाली, पुष्प आदि

३. पशुपंक्षी तथा मत्स्य वा जलचर

४. माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

५. च्याउ

६. मौरी, रेशम, लाहकिरा

७. चिया, कफी, सुपारी,घाँसेबाली,

८. तेलहन, दलहन,

९. कपास, जुट, उखु, रबर खेती,

१०. कृषि पर्यटन,

११. कृषि तथा पशुपंक्षीजन्य उत्पादनको प्रशोधन उद्योग,

१२. कृषि तथा पशुपंक्षीजन्य उत्पादन सामाग्री (दाना, मलखाद, पोषक/ पोषक समपुरक, विषादी, पशुपंक्षी तथा मत्स्य औषधि) आदिको उत्पादन उद्योग,

१३. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपंक्षीजन्य वस्तुहरू,

१४. जडीवुटी खेती

१५. हरित गृह स्थापना र संचालन

१६. रबरको प्रारम्भिक प्रशोधन र संचालन

१७. शीत भंडार र कृषि बजार

१८. बीउ बिजन प्रशोधन

१९. नगदे बालीको व्यावसायिक खेती तथा प्रशोधन जस्तै (उखु, कपास, सनपार्ट, सजिवन, जुट, अलैंचि, अदुवा, केशर, तेलहन र मशाला बाली तथा दलहन)

२०. प्रचलित कानूनले निषेध गरेको बाहेकको अन्य कृषि व्यवसायहरु

## अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि व्यवसाय वा संस्थाले अनुमतिपत्र लिनु पर्ने निकायहरू**

| सि.नं. | कार्यक्षेत्र | अनुमति दिने निकाय |
|---|---|---|
| १ | एक जिल्लामा मात्र भएमा | सम्बन्धित जिल्ला कार्यक्षेत्र भएका कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र |
| २. | एकभन्दा बढी जिल्ला भएमा | सम्बन्धित निर्देशनालय |
| ३. | प्रदेश भर वा प्रदेश बाहिर समेत | मन्त्रालय |

## अनुसूची-३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## संचालन गर्न सकिने कृषि व्यवसायको दर्ता दस्तुर र नवीकरण

| क्र.सं | वार्षिक कारोबार (मेट्रिक टन) | दस्तुर र नवीकरण (रू.) | नवीकरण (म्याद नाघेको ३५ दिन पछि) जरिवाना |
|---|---|---|---|
| १. | १०००वा सोभन्दा कम | २००० | १००० |
| २. | १००० भन्दा बढी | ३५०० | १५०० |

**द्रष्टव्यः** माथि अनुसूची-३ मा जुनसुकै कुरा लेखिएको भए तापनि संचालन गरिने कृषि व्यवसायहरूको वार्षिक कारोबार मेट्रिक टनमा गणना गर्न नसकिने अवस्था रहेकोमा त्यस्तो कृषि व्यवसायको हकमा वार्षिक दर्ता दस्तुर तथा नवीकरण रू. ३००० र नवीकरण गर्दा म्याद नाघेको ३५ दिनपछि रू. १५०० जरिवाना लाग्नेछ।

## अनुसूची-४

(दफा ३३ र ३४ सँग सम्बन्धित)

## कृषि प्रविधि र पूर्वाधार

१. आधुनिक कृषि बजार, हाटबजार

२. बधशाला, बधस्थल

३. शीत भण्डार,

४. कृषि औजार तथा प्रविधि कारखाना

५. पशुपंक्षी तथा मत्स्य दाना उद्योग

६. साईलेज, टिएमआर उद्योग

७. डेरी उद्योग (युएचटी प्लान्ट, पाउडर प्लान्ट, प्रशोधन प्लान्ट आदि)

८. बागवानी जन्यः फलफूल, तरकारी, कन्दमूल, मसला बाली, पुष्प प्रशोधन वा प्याकेजिङ्ग उद्योग

९. खाद्यान्न बालीमा आधारित उद्योग (चामल, चिउरा, दाल, तेल, भुजा आदी)

१०. पशुजन्य प्रशोधन तथा प्याकेजिङ्ग उद्योग

११. प्रदेश सरकारले पहिचान गरेका अन्य कृषि प्रविधि तथा पूर्वाधारहरु

१२. प्रचलित कानून बमोजिम दर्ता भएका कृषि उद्योगहरु

१३. Breeding सम्बन्धी

१४. सिचाई र कृषि विद्युतीकरण

१५. वेयर हाउस

प्रमाणीकरण मितिः२०८१।१२।१९

आज्ञाले,
उद्धव प्रसाद रिजाल
प्रदेश सचिव
गृह, सञ्चार तथा
कानुन मन्त्रालय